# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७।१०।१८

## <u>स्थानिय राजपत्र</u>

खप्तड छेडेदह गाँउपालिका

डोगडी, बाजुरा

१) संक्षिप्त नाम र प्रारम्भ :- (१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाबाट पारीत भई राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ ।

२) परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) शाखा, भन्नाले महिला, बालबालिका तथा समाज कल्याण शाखा सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारणका लागी स्थापित स्थानिय राहत तथा उद्धार कोष सम्झनु पर्दछ ।

(ग) "पिडित" भन्नाले लैङ्गिक हिंसा बाट पिडित वा प्रभावित व्यक्ती सम्झनु पर्दछ ।

---

(घ) "मन्त्रालय" भन्नाले संघिय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरितिजन्य व्यवहार लगाएत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानिय राहत तथा उद्धार समिति सम्झनु पर्छ ।

३) कोषको स्थापना :- (१) लैङ्गिक हिंसा निवारणका लागी स्थानिय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) नेपाल सरकार तथा सुदुरपश्चिम प्रदेश सरकार बाट प्राप्त रकम,

(ख) गाँउपालिका बाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्था बाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम स्थानिय बैंकमा छुटै खाता खोली जम्मा गरिने छ ।

(४) कोषको खाताको संञ्चालक समितिको सदस्य सचिव र गाँउपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

४) **कोषमा रकम जम्मा गर्ने :-**महिला हक हितको क्षेत्रमा गाँउपालिका क्षेत्र भित्र कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको गाँउपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५) कोषको उपयोग :- (१) कोषको रकम देहायका कामका लागी पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग प्रदान गर्ने,

(घ) कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोबिमर्श प्रदान गर्ने,

(ङ) कुनै व्यवसाय गर्नकोलागी स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पुर्नस्थापना गराउन,

(च) पिडितको लागी समितिले तोकेबमोजिम अन्य काममा ।

६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :- (१) कोषको रकम नियम ५ मा लेखिय बाहेक अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागी कोषको रकम उपयोग गर्न सकिनेछ ।

७) समितिको गठन :- (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतका लागी एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) गाँउपालिका उपप्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) प्रहरी कार्यलयको  प्रतिनिधि | सदस्य |
| (घ) गाँउकार्यपालिका को महिला सदस्य १ जना | सदस्य |
| (ङ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (छ) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्ये बाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना | सदस्य |
| (ग)  पालिकाको अधिकृत स्तरको कर्मचारी १ जना | सदस्य |
| (ज) गाँउपालिका को स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (झ) प्रमुख, महिला, बालबालीका तथा समाज कल्याण शाखा | सदस्य सचिव |

(३) उपनियम (२) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि २ बर्षको हुनेछ ।

(४) समितिको सचिवालयको रुपमा महिला, बालबालीका तथा समाजकल्याण शाखा रहनेछ ।

८) स्थानिय राहत तथा उद्धार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणका सम्बन्धमा नेपालसरकार, प्रदेश सरकार तथा गाँउपालिका बाट स्विकृत निति, योजना तथा कार्यक्रमका लागी कोषको रकम प्रयोग गर्ने,

(ख) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषको रकम निकासा गर्ने,

(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने गराउने,

(घ) गाँउपालिका भित्र लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अधावधिक गर्ने गराउने,

(ङ) सिपमुलक तालिम प्राप्त पिडकलाई स्वरोजगारका लागी व्यावसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड तयार गर्ने,

(च) लैङ्गिक हिंसा निवारण क्षेत्रमा काम गर्ने निकाय तथा संस्था सँग समन्वय गर्ने,

(ज) कोष बृद्धीका लागी स्रोतको खोजी गर्ने,

(झ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको अनुगमन गर्ने गराउने,

(ञ) जिल्ला स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत निकाय तथा सँघ संस्था सँग समन्वय गर्ने

ट) स्थानिय स्तरमा लैङ्गिक हिंसा निवारण सम्बन्धी जनचेतनामुलक कार्यक्रम  सञ्चालन गर्ने,

(ठ) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने ।

९) समितिको बैठक र निर्णय :- (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसुचि सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थीत भएमा सो समितिको बैठकको लागी गण पुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको बैठकको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिको उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेका सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तीले निर्णायक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार कुनै, कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तीलाई बैठकमा पर्यबवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०) कोषलाई रकम उपलब्ध गराउने :- पिडितलाई रहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागी गाँउपालिकाले प्रत्येक बर्ष अनिवार्यरुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

११) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :-

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहाएको आधारमा देहाएको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन छ सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैयाँका दरले बढीमा दशहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन छ सय रुपैंया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहीर बस्नु पर्ने भएमा कम्तीमा तिन दिनको बास खर्च बापत प्रतिदिन चार सय रुपैंया र उपचार खर्च बापत बढीमा बिस हजार रुपैयाँ,

(ग) कानुनी सहायता, मनोबैज्ञानीक उपचार वा मनोबिर्मशका लागी दश हजार रुपैंया नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागी स्वरोजगारका लागी व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा तिस हजार रुपैंया,

(ङ) पुर्नस्थापनाका लागी बढीमा पाँच हजार रुपैया,

(च) समितिले तोकेबमोजिम अन्य कामका लागी कामको प्रकृती हेरी बढीमा पन्ध्र हजार रुपैंया ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पिडितले समितिमा निबेदन दिएमा र सो निवेदन मनासिब देखिएमा समितिले त्यस्तो पिडितलाई दुई हजार रुपैंयामा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सकिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएकको भएतापनि नेपाल बाहिर रहे बसेको पिडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

<u>१२) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :-</u>

(१) यस कार्यबिधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न पिडित तथा सरोकारवाला व्यक्तीले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई अनुसुचिमा उल्लेख भए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गरी पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ८ को अधिनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

<u>१३) तत्काल रकम उपलब्ध गराउन सक्ने :-</u> (१) यस कार्यबिधिमा अन्य जुनसुकै कुरा लेखिएको भएता पनि पिडित लाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानबिय क्षती हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनका लागी

कोष बाट पचास हजार रुपैंया नबढ्ने गरी मनासिब रकम सम्बन्धीत पिडित लाई उपलब्ध गराउन सक्नेछ ।कक

(२) उपदफा (१) बमोजिमको अवस्था परि सञ्चालक समितिको अध्यक्षबाट पिडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलबध गराए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

१४) कोषको लेखा र लेखापरिक्षण :- (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम हुनेछ

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षक बाट हुनेछ ।

**१५) स्वरोजगारका लागी ब्यवसाय स्थापना रकम :-**

यो कोष आपुर्ती कोषको रुपमा विनियोजित रकम गाँउपालिकामा रहेको बिपन्न नागरीक सहयोग कोषमा रहनेछ । स्थानीय राहत तथा उद्धार समितिको सिफारिसमा परिचालित गरिनेछ ।

१६) प्रतीबेदन पेश गर्ने :- (१) समितिले प्रत्येक त्रैमासिक रुपमा सो समितिबाट भए गरेका काम कार्वाहिको प्रतिवेदन गाँउपालिका समक्ष पठाउनु पर्नेछ ।

(२) समितिले आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कार्वाहीको प्रतिबेदन गाँउपालीका समक्ष पेश गर्नु पर्नेछ ।

(३) गाँउपालिकाले उपनियम २ बमोजिमको प्रतिवेदन पेश गर्न सक्नेछ ।

१७) बैठक भत्ता :- समितिका अध्यक्ष तथा सदस्यले सो समितिमा भाग लिए बापत गाँउपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१८) निर्देशन दिन सक्ने :- (१) नेपाल सरकार, प्रदेश सरकार तथा गाँउपालिकाले समितिको कामकार्वाहिको सम्बन्धमा सो समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सो समितिको कर्तव्य हुनेछ ।

१९) बाधा अड्काउ फुकाउने :- यो कार्यविधि कार्यान्वयन हुने क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउ गर्ने अधिकार कार्यपालिकामा निहित हुनेछ ।

२०) खारेजी र बचाउ :- यस कार्यबिधि बमोजिम भए गरेका कामकार्वाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

अनुसुची

निवेदनको ढाँचा

बिषय : सहयोग उपलब्ध गराई पाँउ ।

श्री अध्यक्ष ज्यु,

स्थानिय उद्धार तथा राहत समिति.....................।

म ......................मा बस्ने वर्ष ....................को ..........मिति ............मा लैङ्गिक हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैङ्गिक हिंसा ..................भएको कारणले मेरो मानसिक शाररिक सामाजिक अवस्था कमजोर भै असक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार कानुनि सहायता एवं परार्मश स्वरोजगार पुर्नस्थापना अन्य ..............कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैङ्गिक हिंसा निवारण कोष बाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु।

निवेदकको :

नाम, थर

ठेगानाः

दस्तखतः

मितिः